१६. आगामी आर्थिक वर्षको लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट वित्तीय वित्तीय हस्तान्तरण , राजस्व बाँडफाँड र गाँउपालिकाको आन्तरिक आम्दानी समेत गरि कुल अनुमानित आय **उनन्तीस करोड उनन्असी लाख चौहत्तर हजार** रुपैयाँ रहेको सभा समक्ष जानकारी गराउँदछु ।

१७. आगामी आर्थिक वर्षको बजेटको स्रोत सभा समक्ष पेश गर्न चाहन्छु ।

| | **कुल बजेट** | Rs29,79,74,000.00 | **उनन्तीस करोड उनन्असी लाख.चौहत्तर हजार** |
|---|---|---|---|
| स्रोत समूह | बजेटको स्रोत | ससर्त समेत जम्मा बजेट | |
| सङ्घीय सरकार | सङ्घीय सशर्त चालू | 8,77,68,000.00 | **आठ करोड सतहत्तर लाख अडसठ्ठी हजार** |
| सङ्घीय सरकार | सङ्घीय समानिकरण | 6,88,00,000.00 | छ करोड अठासी लाख |
| सङ्घीय सरकार | सङ्घीय सशर्त पूँजीगत | 75,00,000.00 | पचहत्तर लाख |
| सङ्घीय सरकार | सङ्घीय राजस्व बाँडफाँड | 5,57,00,000.00 | पाँच करोड सन्तावन्न लाख |
| बागमती प्रदेश सरकार | प्रदेश सशर्त अनुदान | 2,16,28,000.00 | दुई करोड सोह्र लाख अठ्ठाइस हजार |
| बागमती प्रदेश सरकार | प्रदेश समानिकरण अनुदान | 53,28,000.00 | त्रिपन्न लाख अठ्ठाइस हजार |
| बागमती प्रदेश सरकार | प्रदेश राजस्व बाँडफाँड | 1,97,49,050.00 | एक करोड सन्तानब्बे लाख उनन्चास हजार पचास |
| बागमती प्रदेश सरकार | प्रदेश समपुरक अनुदान | 1,00,00,000.00 | एक करोड |
| आमाछोदिङमो गाउँपालिका | आन्तरिक आय | 65,00,000.00 | पैसठ्ठी लाख |
| आमाछोदिङमो गाउँपालिका | अल्या | 1,50,00,950.00 | एक करोड पचास लाख नौ सय पचास |

१८. अब म माथिका क्षेत्रगत प्राथमिकताका आधारमा गाँउस्तर र विषयगत शाखाहरूबाट छनौट भई आएका कार्यक्रमहरूमा विनियोजन भएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१९. यस वर्ष स्वास्थ्य क्षेत्रको पूर्वाधार निर्माण र स्वास्थ्य चिकित्सा सेवाको लागि विशेष बजेट विनियोजन गरेको छु

२०. स्वास्थ्य क्षेत्रमा यस वर्ष कुल **पाँच करोड अठतीस लाख पच्चीस हजार** रूपैयाँ विनियोजन गरेको छु ।

२१. दोबो तेम्बा फुर्पु आधारभूत अस्पताल भवन निर्माणको लागि **दुई करोड** बजेट विनियोजन गरेको छु ।

२२. चालू आर्थिक वर्ष देखि गोल्जुङ स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी **विशेषज्ञ चिकित्सा सेवा** प्रदान गर्नेकार्य भईरहेकोमा आगामी आर्थिक वर्ष पनि यस कार्यक्रमलाई निरन्तरता दिने गरी बजेट विनियोजन गरेको छु ।

२३. महिला स्वास्थ्य स्वयम् सेविकाहरूको लागि तालिम, प्रोत्साहन भत्ता तथा अन्य सुविधाको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

